आज मिति २०७६/८/२ गते यस इच्छाकामना गाँउपालिकाका अध्यक्ष श्री गिता कुमारी गुरुङग ज्युको अध्यक्षतामा कार्यपालिकाको ६१ औं वैठक वसी तपसिल बमोजिमको उपस्थिति भई विविध विषयमा छलफल गरियो ।

१.गा पा अध्यक्ष श्री गिता कुमारी गुरुङग

२.गा पा उपाध्यक्ष श्री कृति कुमार श्रेष्ठ

३.प्रमुख प्रशासकीय अधिकृत श्री सुकदेव लम्साल

४.१नं.वडा अध्यक्ष श्री नन्दलाल गिरी

५.२नं.वडा अध्यक्ष श्री पन्च व प्रजा

६.३नं. वडा अध्यक्ष श्री गोर्वद्धन अधिकारी

७.४ नं. वडा अध्यक्ष श्री होम व राना मगर

८.५ नं.कामु अध्यक्ष श्री बलराम त्रिपाठी

९.६ नं वडा अध्यक्ष श्री भुपेन्द्र प्रजा

१०.७ नंर वडा अध्यक्ष श्री बम व थापा मगर

११.कार्यपालिका सदस्य श्री सावित्री गुरुङग

१२.कार्यपालिका सदस्य श्री निर्मला श्रेष्ठ

१३.कार्यपालिका सदस्य श्री मन कुमारी सुनार

१४.कार्यपालिका सदस्य श्री दमन कुमारी चेपाङ्ग

१५.कार्यपालिका सदस्य श्री भद्र व प्रजा

१६ कार्यपालिका सदस्य श्री मन व प्रजा

१लेखा अधिकृत श्री विनोद अर्याल

१७.ना सु श्री राजेश सुवेदी प्रशासन शाखा

प्रस्तावहरु

१ वडा कार्यालयहरु स्थापना र सञ्चालन सम्बन्धमा ।

२ फोहरमैला व्यवस्थापन सम्बन्धमा ।

३ ढुङ्गा गिटी बालुवाको बोलपत्र स्वीकृती सम्बन्धमा ।

४ उपभोक्ता तालिम सम्बन्धमा।

५ वडासचिव, सहायक तथा सहयोगी कर्मचारीलाई तालिम सम्बन्धमा ।

६ बहाल-बिटौरी शुल्क सम्बन्धमा ।

७ सर्व शान्ति माविको छात्रावास निर्माणमा साझेदारी प्रतिवद्दता सम्बन्धमा ।

८ विविध ।

क विद्यालय नर्श कार्यक्रम सम्वन्धमा ।

ख.फिस्लिङगमा घटेको घटना सम्वन्धमा ।

ग इच्छाकामना मन्दिर खानेपानी सम्वन्धमा ।

घ सामुदायिक विद्यालयमा लिईएको शुल्क सम्वन्धमा ।

ङ भिजिट इच्छाकामना सम्वन्धमा ।

## निर्णयहरु

निर्णय नं १

निम्न

क. वडा नं २,३,५,६ को वडा कार्यालय राख्नको लागी गा पा अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, वडा अध्यक्ष तथा प्राविधिकहरुको टोली खटाई अनुगमन तथा निरिक्षण गरि वडा कार्यालय भवन राख्न आगामी १५ दिन'भित्रमा कार्यविधि अनुसार गर्ने निर्णय गरियो ।

निर्णय नं २

यस इच्छाकामना गाँउपालिका भित्रको फोहोर मैला व्यवस्थापन गर्नको लागि प्रत्येक वार्डले घर धुरी र कोठामा बस्नेको संख्या तथा विवरण ७ सात दिन भित्रमा उपलब्ध गराउने र विभिन्न व्यक्ती वा संस्था सगँ प्रस्ताव माग गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

निर्णय नं ३

यस इच्छाकामना गाँउपालिकामा आ.व ०७६/७७ विभिन्न खोलाहरुमा ठेक्का न १-६ खुलाईएको ढुङ्गा गिटी बालुवाको ई बिडिङगबाट पर्न आएका बोलपत्रहरुको कानून बमोजिम मूल्याकन गरी स्वीकृत गर्न प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवारी दिने निर्णय गरियो ।

निर्णय नं ४

यस इच्छाकामना गाँउपालिकको गाँउ सभावाट आ व ०७६/७७ को लागी पारित भएका योजना तथा कार्यक्रमहरुलाई प्रभावकारि रुपमा संचालन गर्न उ.स गठन भईसकेको हुदा उक्त उ.स हरुलाइ यस गा पा को तर्फबाट मिति २०७६/८/१५ गते सम्म तालिम संचालन गर्ने निर्णय गरियो । यसका लागि आवश्यक बजेट कन्टिजेन्सीबाट व्यहोर्ने निर्णय गरियो ।

निर्णय नं ५

यस इच्छाकामना गाँउपालिकाको कामहरुलाई चुस्त दुरुस्त प्रभावकारी सेवामुखी वनाउनको लागी यस इ.गा.पा मा वडा सचिव सहायक तथा सहयोगी कर्मचारीहरुलाई मिति २०७६/८/७ देखी तालिम संचालन गर्ने निर्णय गरियो । यसका लागि आवश्यक बजेट कन्टिजेन्सीबाट व्यहोर्ने निर्णय गरियो ।

निर्णय नं ६

यस इच्छाकामना गाँउपालिका भित्रमा रहेका सरकारी सार्वजनिक तथा ऐलानी जग्गा अतिक्रमण गरी विभिन्न व्यक्ती संघ संस्था निकायहरुले घर भवन टहरा आदि वनाई वसेको भन्ने सुचना प्रात भएकाले त्यसरी संरचना वनाई वा नबनाई सरकारी वा सार्वजनिक जग्गा ओगटेको पाईएमा त्यसलाई हटाउने र तत्काल हटाउन नमिल्ने अवस्था रहे भएमा त्यस्ता ब्यक्ती संस्था वा निकायले ओगटेको क्षेत्रफल र निर्माण गरेको संरचनामा सम्पति कर वरावरको वाहल विटौंरी शुल्क लिने गाँउ सभाको निर्णय भएको र सरकारले हटाउन खोजेको बखत तत्काल हटाउने सर्त गराई कार्वान्ययनमा लैजाने निर्णय गरियो ।

<u>निर्णय नं ७</u> सर्व शान्ति माविको छात्रावास निर्माणका लागि नेपाल हेरिटेज च्यारिटी फाउण्डेसन अफ वि सि नामक केनेडियन संस्थाले ३०००० क्यानेडियन डलर उपलब्ध गराउने साझेदारी प्रतिवद्दता स्वीकृत गर्ने निर्णय गरियो ।

<u>निर्णय नं ८</u>

क. यस इच्छाकामना गाँउपालिकामा संचालन हुने विद्यालय नर्स कार्यक्रम अन्तर्गत ७ वटा मा.वि सगँ प्रस्ताव माग गरिएकोमा मापदण्ड बमोजिम प्रस्ताव पेश गर्ने श्री सर्वशान्ती विद्यालयलाई छनौंट गर्ने निर्णय गरियो ।

ख.यस इच्छाकामना गाँउपालिका वडा न ३ स्थित अस्थाई प्रहरी चौंकी फिस्लीङगमा मिति २०७६/८/१ गतेको दिन विहान प्रहरी चौंकीले सकुसल नियन्त्रण लिएका श्री राम कडेलको अचानक अचेत अवस्थामा निधन भएकोले शान्ती सुरक्षाको लागि खटिएको प्रहरी प्रशासन भित्र नै यस्तो अकल्पनिय घटना हुन्छ भने शान्ती सुरक्षाको राम्रो सगँ नभएकोले इच्छाकामना गा.पाको प्रहरी प्रशासन माथि गम्भिर ध्यानकर्षण भएको छ साथै सो घटनामा संलग्न व्यक्तीहरुलाई कानून बमोजिम कडा भन्दा कडा कार्वाहीको माग गर्दछ साथै मृतक प्रति चिर शान्तीको कामना गर्दै शोक सन्तप्त परिवार प्रति धैर्य धारण गर्ने शक्ती प्रदान गरोस भनी कामना गर्दछौं ।

ग.यस इच्छाकामना गा.पा वडा न ५ मा रहेको इच्छाकामना मन्दिरमा खानेपानीको चरम अभाव रहेको हुदाँ सोको लागी आवश्यक स्रोत खोजी गरी व्यवस्थापन गर्ने निर्णय गरियो ।

घ यस इच्छाकामना गा.पा भित्र रहेका विभिन्न सामुदायिक विद्यालयहरुले विद्यार्थिहरु माथि विभिन्न शिर्षकहरुमा शुल्क लिएको भन्ने सुचना प्राप्त भएको हुदा सो कार्य तुरुन्त बन्द गराउनको लागि निर्देशन दिने निर्णय गरियो ।

ङ नेपाल भ्रमण वर्ष २०२० सफल पार्नको लागि इच्छाकामना गा पा ले भिजिट इच्छाकामनाको नारा सहित इच्छाकामना गा पा भित्र पर्ने पर्यटकिय स्थानको भ्रमण १५ गते कार्यपालिका वडा सदस्य तथा आवश्यक कर्मचारीहरुको टिम सहित अवलोकन भ्रमण गरी २०२०को लागि योजना वनाउने निर्णय गरियो

च स्काउटको गतबर्षको कार्यक्रमको भुक्तानी दिन बाँकी रकम चालु आ ब को स्काउट कार्यक्रममै समावेश गरिएकोले सोही बजेटबाट गत आ ब को भुक्तानी दिन बाँकी रकम रु १ लाख भुक्तानी दिने निर्णय गरियो ।